
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी चैत ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म '११:५५' (डु नट ट्रस्ट एनिवन)को पहिलो गीत 'रोक्ने छैन' सार्वजनिक गरिएको छ। गीतमा अल्मोडा राणा उप्रेतीको शब्द, संगीत र स्वर छ। कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिष्मा श्रेष्ठ र सागर खनाल क्लबमा मस्ती मुडमा देखिएका छन्।

**आजको विचार...**



योग्यता... (दुई पेजमा)

गंगा बराल



यही फागुन १४ गते अर्थात् महाशिवरात्रिबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मायावी'को भजन गीतको रुपमा 'माता विन्दवासिनी'सार्वजनिक गरिएको छ। एसडी योगीको पार्श्व गायन तथा संगीत रहेको गीतमा राम अविरल विष्टको शब्द छ। गीतले विन्दवासिनी माताप्रतिको श्रद्धा एवं भक्तिभाव व्यक्त गर्छ। पोखरामा रहेको विन्दवासिनी मन्दिरमा छायांकन गरिएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता पल शाह भजन गाउँदै देखिएका छन्। पल र दीपिकाबीचको प्रेमभाव पनि गीतले व्यक्त गर्छ।

❒ वर्ष ३० ❒ अंक २१० ❒ २०८१ फागुन १० गते शनिबार 22 February 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सडक दुर्घटनामा ८ को मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामावाद,** फागुन ९/पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तमा शुक्रबार बिहानै एउटा मिनिभ्यान एक नहरमा खस्दा आठ जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । दुर्घटना कसुर जिल्लामा भएको थियो, जब एक सङ्गीत समूहका सदस्यहरूलाई लिएर एउटा विवाह समारोहबाट फर्कंदै गर को मिनिभ्यान सडकबाट तल एक नहर मा खसेको प्रहरीले स्थानीय मिडियालाई बताएको छ ।

## लुम्बिनीमा 'मेरो विद्यालय, मेरो दायित्व' अभियान

# देशमा केही पनि भएन भन्नु गलत हो : मन्त्री सारु

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ९/लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले देशमा केही पनि भएन भन्नु गलत भएको बताएका छन् । शुक्रबार लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले सञ्चालन गरेको 'मेरो विद्यालय, मेरो दायित्व' अभियानलाई पाल्पाको तानसेनमा सम्बोधन गर्दै मन्त्री सारुले मुलुकमा धेरै परिवर्तन भएकाले केही भएन भन्नु गलत भएको बताएका हुन् ।

उनले भने '१ सय ४ वर्षीय राणशासनको अन्त्य गर्दै जनताका छोराछोरीहरुले पनि पढ्न पाउनुपर्ने र जनताकै छोराछोरीले मुलुकको नेतृत्व गर्न पाउनुपर्छ भनेर प्रजातन्त्र, गणतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गरियो, के यो परिवर्तन हैन ?, आज हाम्रा हात हातमा मोवाइल फोन, इन्टरनेट, कम्युटर जस्ता आधुनिक प्रविधिहरु आए के तिनीहरु विकास हैनन् ? गाउँ-



गाउँमा विद्यालय, सडक, खानेपानी, विजुली जस्ता विकासका पूर्वाधारहरु पुगेका छन् ,तर हामी अझै देशमा केही भएन भन्न छाडेका छैनौं, यो गलत हो ।' मन्त्री सारुले विद्यार्थीहरुप्रति लक्षित गर्दै भने 'सकारात्मक सोंच राखेर अगाडि बढौं,देशमा धेरै कुराहरु सुधार भएका छन् ।' नकारात्मक भाष्य चिर्ने र जनताको पक्षमा अझ राम्रा कामहरु गरेर जनतामा आशा र भरोसा जगाउनेतिर केन्द्रित हुनुपर्ने बेला आएको उनको भनाइ छ । मन्त्री सारुले उपलब्धिहरु संस्थागत गर्दै अहिले तीनै तहका सरकार सुशासन, सामाजिक न्याय र समृद्धिलाई प्राथमिकतामा राखेर अघि बढिरहेको जिकिर गरे । उनले भने, 'देशमा केही पनि भएको छैन, भन्ने भाषा गलत हो । धेरै भएको छ । तर जनताको आशा र अपेक्षाअनुसार अझै भएको छैन, त्यो पनि सत्य हो । तर यहाँ एउटा प्रवृत्ति अलि बढी नै नकारात्मक मात्रै कुरा गर्न रमाउने प्रवृत्ति कहीं न कतै यसलाई अघि बढाउन खोजिएको छ । विद्यार्थी, शिक्षक, राजनीतिक दल, पत्रकार सबै मिलेर त्यो भाष्य चिर्नतिर लाग्न जरुरी छ ।' जनतालाई आशा र भरोसा जगाउने गरी सीमा र कमजोरीको पनि समीक्षा गर्नुपर्ने मन्त्री सारुले उल्लेख गरे ।सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न पूर्वविद्यार्थी, जनप्रतिनिधिदेखि अभिभावकसम्मलाई आफ्नो दायित्व अनुभूति गराउन 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सञ्चालन गरिएको उनले बताए । 'सामुदायिक विद्यालयप्रति चासो र आफ्नो दायित्वबोध गराउने अभियानको मुख्य उद्देश्य हो,' उनले भने, 'पूर्वविद्यार्थीले चाहेको अवस्थामा विद्यालयमा धेरै सुविधा र सुधारका काम हुन सक्छन् भन्ने विश्वास छ ।'

-बाँकी अन्तिम पेजमा...




# तानसेनमा महिलामैत्री सहर निर्माणका लागि अन्तर्क्रिया



**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन ९/जिल्लाको सदरमुकाम तानसेनमा महिलामैत्री सहर निर्माणका लागि अन्तर्क्रिया कार्यक्रम भएको छ । नगरपालिकामा लैङ्गिक सहभागीता सम्बन्धित अन्तर मूल्याङ्कन तथा महिला मैत्री शहर निर्माण सम्वन्धी अन्तर्क्रिया कार्यक्रम भएको हो ।

युनओपिएससँगको सहकार्यमा महिलाहरूको आवश्यकता र सुरक्षालाई प्राथमिकतामा राख्दै सार्वजनिक स्थानहरूको पहिचान, योजना, विकास, र व्यवस्थापनमा तानसेन नगरपालिका लागि परेको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । महिलाहरूलाई शहरी क्षेत्रमा समान अवसर र अधिकार प्रदान गर्न, उनीहरूको आर्थिक, सामाजिक, र राजनीतिक सहभागिता सुनिश्चित गर्ने गरी कार्यक्रम डिजाइन भएको कार्यक्रमका फोकल पर्सन दुर्गाबहादुर थापाले बताए । तानसेन नगरमा सार्वजनिक स्थानहरुको पहिचान, ती स्थानहरूमा महिलाहरूको सुरक्षालाई सुनिश्चित गर्दै उनीहरूको स्वतन्त्र गतिशीलता र पहुँचमा प्रोत्साहन गर्न परियोजनाले सहयोग गर्ने युनओपिएसकी कार्यक्रम स्पेसलिष्ट निलम धनुसेले जानकारी दिईन ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## मातृभाषा बचाऔं

मानिसले जन्म लिएपछि सबैभन्दा पहिले बोलिने र सिक्ने भाषालाई उसको मातृभाषा भनिन्छ । मातृभाषा कुनै पनि व्यक्तिको सामाजिक एवं भाषा सम्बन्धी र रीतिरिवाजको पहिचान पनि हो । तर पछिल्लो समय मातृभाष संकटको अवस्थामा पुगेको छ । यो अत्यन्तै दुखको कुरा हो । सरकारी नीतिका कारण मातृभाषाहरु लोपोन्मुख अवस्थामा पुगेका छन् । मातृभाषाको संरक्षण गर्ने उद्देश्यले हरेक वर्ष २१ फेब्रअरीमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस पनि शुक्रबार मनाइएको छ । दिवस मनाइए पनि त्यो औपचारिकतामै सिमित बन्न पुगेको छ । मुलुकको भाषा, साहित्य, इतिहास, कला, संस्कृति संरक्षण, संवर्द्धन गर्ने निकायहरू मौनप्राय छन् । जसका कारण मातृभाष हराउँदै जान थालेको महशुस गरिएको छ ।

युनेस्कोको मोडलअनुसार नेपालमा बोलिने ७१ वटा भाषा संकटापन्न अवस्थामा छन् । २०४७ सालको संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र राष्ट्रिय भाषा भनेर वर्गीय चिनारी दिएको थियो । संविधानले यी दुवै वर्गका भाषामा पत्रपत्रिका प्रकाशन गर्नसक्ने छुट दिएपछि मुलुकका धेरैजसो मातृभाषी जागरण आयो । मातृभाषाका पत्रपत्रिकाहरू प्रकाशनको बाढी आयो । मातृभाषा अभियान सुरु भयो । तर सरकारले समन्यायिक सिद्धान्तका आधारमा सहयोग नगर्दा अल्पसंख्यकले बोल्ने भाषाहरू लोप हुँदै गइरहेका छन् । यो विडम्वनाको कुरा हो । हिजोको राज्यको नीति र त्यसले निर्माण गरेको मनोविज्ञानले नेपाली बाहेक अरु भाषाहरु लोपोन्मुख भाषा भए । त्यसरी नै आजको पुस्तालाई अंग्रेजी नजाने जागिर पाइदैन, ठूलो मान्छे होइदैन भन्ने मानसिकताको मनोविज्ञान विकास गरिदैछ । यो दृष्टिकोणले भाषिक हैकमवादी नीतिको पृष्ठपोषण गर्दछ । अझैसम्म नेपालमा सयौं भाषाहरु व्यवहारमा बोलचालमा प्रयोग भइरहेका छन् । भाषाको प्राण भनेको उसको प्रयोगमा छ । व्यवहारमा यो देश बहुभाषिक भएको हुनाले शिक्षण र सरकारी कामकाजमा बहुभाषिक नीति अवलम्बन गर्नुपर्दछ । जबसम्म बहुभाषिक नीति अबलम्वन गरिदैन तबसम्म नेपालमा बोलिने कुनै पनि मातृभाषाहरु बाच्ने स्थिति छैन । मातृभाषाको संरक्षण र संवर्द्धन गर्नको लागि शिक्षणको आधारभूत तहदेखि नै त्रिभाषिक नीति अवलम्बन गर्नु पर्दछ । आज सयौंको संख्यामा यूरोपियन, अमेरिकनहरु नेपालको भाषा खोज्दै, सिक्दै उच्च शिक्षा हाँसिल गरेर विश्वका सर्वश्रेष्ठ विश्वविद्यालयका प्राध्यापक, अन्वेशषक, अनुसन्धानदाता बनेका छन् भने हामी किन त्यस्तो नहुने भन्ने कुरालाई राज्यले सोच्ने हो भने हाम्रो सबै भाषाहरु बाच्नेछन् र भाषिक समस्यालाई समय मै निराकारण गर्न सकिन्छ । भाषा मरिसकेपछि कुनै अर्थ हुँदैन । नेपालमा बोलिने मातृभाषाहरू सबै नेपाली भाषा हुन् । नेपालको अमूर्त सांस्कृतिक सम्पदा हुन् । तसर्थ यसलाई बचाउने दिशामा सम्बन्धित समुदाय र सरकारका हरेक निकायहरु लाग्न जरुरी छ ।

### Opinion @ Social Network

फुल होईन ढङ्गा जस्तो बनाऊ जिन्दगी
यहाँ फुललाई चुडेर ढङ्गालाई पुज्ने गरीन्छु ।
(करन थापाको फेसबुक पेजको स्टाटस https://www.facebook.com/(Karan.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# योग्यता परीक्षणविहीन सजिलो पेसा नेपाली राजनीति



**गंगा बराल**

*नेतृत्वले कहिलेकाहीँ जानीजानी त कहिले भूलबस गल्ती गर्न सक्छ त्यसलाई सच्याउनु पार्टीका इमानदार नेता तथा कार्यकर्ताको धर्म हो तर केही बोल्दा उल्टै आरोप लाग्ने र पार्टीले कारबाही गर्छ कि भन्ने डरले नेताहरू त्रासमा छन् । पार्टी बिग्रिँदा वा उसले गलत गर्दा समग्र पार्टी र भोलिको राजनीतिलाई नै असर गर्ने पक्कापक्की हो तर बोल्न नपाउनु भनेको पार्टीभित्रको तानाशाही प्रवृत्ति नै हो । पार्टीले कारबाही गर्ने डरले कोही पनि केही नबोल्नुले नेताहरूलाई 'जे मन लाग्छ त्यही गर' भनेर छुट दिएजस्तै हुन्छ ।*

पछिलो समयमा सबैभन्दा सजिलो पेशा नै राजनीति भएको छ । अन्य क्षेत्रमा जाँदा अनुभव र योग्यता चाहिने तर राजनीतिमा लाग्न कुनै पनि कुराले बाधा नपार्ने भएकाले जसलाई पनि राजनीति गर्न सजिलो भएको छ । राजनीतिमा थोरै दुःख गर्दा पनि धेरै कमाइ हुन्छ भन्ने मानसिकता भएकाले पनि मानिसहरू राजनीतिमा लागेपछि सकेसम्म त्यो पेशा छोड्दैनन् । हुन त नेताहरू 'राजनीति भनेको समाजसेवा हो' भन्छन् । भनाइमा यो कुरा देख्दा, सुन्दा सामान्य हो जस्तो लागे पनि व्यवहारमा भने फरकपन पाइने गरेको छ । समाजसेवा नै मात्रै हुँदो हो त मानिसहरू किन त्यति लामो समयसम्म ज्यानै दिएर लाग्थे होलान् त ? यो प्रश्न गम्भीर बनेको छ । त्यसैले समग्रमा भन्न सकिन्छ कि राजनीति भनेको समाजसेवाको नाममा एउटा प्रमुख पेशा नै हो । अहिले राजनीतिलाई पनि विकृत बनाउने काम भएको छ । अन्त कतै पनि नबिकेका पनि क्षणभरमै पार्टी प्रवेश गरेर नेता भएका उदाहरण छन् । लामो समयदेखि राजनीति गरेकाले भन्दा भर्खरै लाइन मिलाएर पार्टी प्रवेश गरेकाले छिटो अवसर पाउनु पनि अचम्मको कुरा होइन किनभने उसको पछि पार्टीको एउटा ठूलो शक्ति लुकेको हुन्छ । 'चुनावका मुखमा पार्टीमा लागेको तीन महिना भइसक्यो मैले टिकट नपाए कसले पाउने' भन्ने स्वर पनि नवप्रवेशीबाट सुनिने गरिन्छ । सोझासिधा मानिसले राजनीति गर्ने दिन हराइसके किनभने राजनीतिमा पनि शक्ति र घमण्डको खेल हुन थालेको छ ।

टिकट पनि महँगो मूल्यमा बिक्री हुन थालेको छ यसो हुँदा कमजोर पहुँच भएका, पार्टीको नीति र सिद्धान्त मात्रै मान्छु भन्नेहरू ओझेलमा पर्न थालेका छन् । राजनीतिमा त्याग, तपस्या र योगदान भन्ने कुरा 'एकादेशको कथा' जस्तै भएको छ । अन्तिममा जसले पार्टीका प्रमुख नेतालाई 'सेटिङ' मिलाउन सक्यो उसैले टिकट पाउने कुरा निश्चितै छ । केही अपवादमा परेर साँच्चै इमानदार र कर्तव्यनिष्ठल टिकट पाउलान् तर निष्ठाको नाममात्र घोटिरहने नेता सधैं पछि पर्दै आएका छन् । पार्टीका अध्यक्ष, सभापति वा प्रमुख नेताको वरिपरि घुमेर बिहानबेलुका 'धुपबाती' गरेको खण्डमा उसले पार्टीबाट पाउने जे पनि पाउँछ तर पार्टीले गरेका कुनै निर्णयको विरोधमा बोल्यो भने ऊ सधैं 'आँखाको तारो' बन्ने गरेको छ । नेतृत्वले कहिलेकाहीँ जानीजानी त कहिले भूलबस गल्ती गर्न सक्छ त्यसलाई सच्याउनु पार्टीका इमानदार नेता तथा कार्यकर्ताको धर्म हो तर केही बोल्दा उल्टै आरोप लाग्ने र पार्टीले कारबाही गर्छ कि भन्ने डरले नेताहरू त्रासमा छन् । पार्टी बिग्रिँदा वा उसले गलत गर्दा समग्र पार्टी र भोलिको राजनीतिलाई नै असर गर्ने पक्कापक्की हो तर बोल्न नपाउनु भनेको पार्टीभित्रको तानाशाही प्रवृत्ति नै हो । पार्टीले कारबाही गर्ने डरले कोही पनि केही नबोल्नुले नेताहरूलाई 'जे मन लाग्छ त्यही गर' भनेर छुट दिएजस्तै हुन्छ । पछिलो समयमा आएर नेकपा एमालेले नेता भीमबहादुर रावललाई गरेको कारबाहीको घटना चानचुने छैन । उनका अरू केही अवगुण पनि होलान् तर कारबाही गर्नुको मुख्य कारण भनेको उनले पार्टी अध्यक्ष केपी शर्मा ओलीको कार्यशैलीको विरोध गर्नु नै हो । तीन वर्षअघि भएको महाधिवेनमा ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेदेखि नै ओलीले रावललाई बक्रदृष्टिले हेरेका थिए । त्यसपछि पनि रावलले ओलीले सञ्चालन गरेको पार्टी पद्धति र प्रधानमन्त्री हुँदा गरेका गलत कामको आलोचना गरिरहेका छन् । रावलमात्रै होइन अहिले ओलीको कारबाहीमा अरू पनि परेका छन् । यो कारबाही ओलीको व्यक्तिगत भन्ने कि पार्टीको भन्ने पनि अन्यौल छ । पार्टी भनेको एउटा सिस्टममा चल्ने भएकाले राम्रो होस् भन्ने सबैको चाहना हुन्छ तर राम्रो होस् भन्ने सोच्दासोच्दै बोलेका शब्दलाई लिएर कारबाही हुन्छ भने ती नेताहरूमा केही न केही समस्या होला भनेर बुझ्न सकिन्छ । एमालेले गरेको कतिपय निर्णयको विरुद्धमा बोल्ने एमालेका बिन्दा पाण्डे, उषाकिरण तिम्सेनालगायतलाई एमालेले गरेको कारबाहीलाई हेर्दा अरू नेतामा पनि पार्टीका नेताले जे गरे पनि गरून्, बोल्नु हुँदैन कारबाही गरिहाल्छन् भन्ने गलत सन्देशले डेरा जमाएको छ । पार्टी सबैको साझा हुनुपर्ने हो त्यसका पनि विभिन्न संगठन, समिति र कमिटी हुन्छन् । आफूलाई मन नपरेकाले जे भने पनि कारबाही गर्ने, आफ्नो पक्षमा एकहोरो ढंगले चाकरी गर्नेले जे गरे पनि छुट पाउने परम्पराले राजनीतिलाई विकृततर्फ उन्मुख गराएको छ । नेपाली कांग्रेसले आफूलाई लोकतान्त्रिक पार्टी भएको दाबी गर्दै आएको छ, कांग्रेसमा अलिकति घटीबढी बोले पनि त्यति ठूलो कारबाही भोग्नु नपर्ने भएकाले कांग्रेसका मानिसहरू 'त्यही भएर त हाम्रो पार्टी कांग्रेस र हामी कांग्रेसी' भनेर गर्व गर्ने गर्छन् । पार्टीमा पनि विचारको स्वतन्त्रता हुनु स्वाभाविक हो तर बोल्दा, लेख्दा, सामाजिक रूपमा अभिव्यक्त हुँदा त्यसले पार्टी र संगठनलाई क्षति पुर्याउँछ कि पुर्याउँदैन भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । 'बोल्न पायो भन्दैमा जे पायो त्यही बोल्नु हुँदैन, खान पाइयो भन्दैमा जे पायो त्यही खानु हुँदैन' भन्ने कुरा ठिकै हो तर मनमा यो कुरा चाहिँ गलत नै हो भनेर लाग्दा बोल्न र लेख्न नपाउनु भनेको निरंकुशताको अर्को अभ्यास नै हो । तुलनात्मक रूपमा हेर्दा नेकपा (माओवादी केन्द्र)भित्र चाकरी-चाप्लुसीको अभ्यास कमैमात्र हुने गरेको देखिन्छ । क्षमतावान र योग्यले अवसर पाउने भएकाले पनि माओवादीभित्र यस्तो कुरा बाहिरै कमैमात्र आएको हुनसक्छ । हो हुन त पार्टीमा नेताको चाकरी-चाप्लुसी नगरी केही पाइँदैन तर त्यसो भन्दैमा आफूलाई 'मान्छे पनि हुँ' भन्ने बिर्सेर गरिने अनावश्यक चाकरी-चाप्लुसी क्षणिकका लागि त राम्रै होला तर त्यसले कालान्तरमा भने असर गर्न गर्छ । यो कर्मले नेतालाई सुधार्ने होइन उल्टै बिगार्नेतिर मलजल गर्नेछ । आजभोलि आएर त पार्टीमात्र भनेर पनि हुँदैन त्यसभित्र फष्टाएका गुटउपगुटले गर्दा कहिले कोसँग के बोल्ने भन्नेमा नै मानिस अन्यौलमा पर्ने गरेका छन् । आफ्नो नेताको कार्यशैलीको विरोध गर्दा कसैलाई पनि चित्त नबुझ्ने र फरक पार्टी वा लाइनको नेताको विरुद्धमा बोल्दा अरू सबै काम छोडेर आलोचनाको शब्द बर्साइरहने हामी नेपालीको बानी भइसकेको छ । को मान्छे पार्टीभित्र पनि कुन गुटको हो भनेर पहिचान नखुल्दासम्म बोल्नेलाई पनि असहज हुँदै आएको छ । आफ्ना नेताले जे गरे पनि राम्रो भनिदिनुपर्ने बाध्यात्मक अवस्थाले राजनीति र मानिसको सोचलाई कहाँसम्म पुर्याउने हो अहिले नै अनुमान लगाउन सकिँदैन । यतिसम्म कि पशुपति आर्यघाटमा मलामी जाने बेलामा पनि 'त्यो हाम्रो लाइनको हो कि होइन' भनेर छुट्याइने प्रचलनले मानिसको चेतनाको स्तर कति रहेछ भनेर हिसाबकिताब गर्ने बेला भएको छ । नेताले जे भन्यो त्यसैमा हो...हो लगाइ दिँदा त्यो कार्यकर्ता सबैभन्दा इमानदार र कर्तव्यनिष्ठ ठहरिने समय भइसकेको छ । कतिपय पार्टीमा त यतिसम्म भइसक्यो कि दिउँसो टन्टलापुर घाम लाग्दा पनि नेताले 'पानी परिरहेको छ भन्दा हो..हो कमरेड' भन्नुपर्ने अवस्थाको सिर्जना भएको छ । पानी परेको छैन अहिले त घाम लागेका छन् भन्दा त्यो नेता रिसाउला कि भन्ने डर भइसकेको छ । पछिलो समयमा राजनीतिक दलहरू आफ्नो विचार र सिद्धान्तबाट विचलित भइरहेका छन् । जहिले जोसँग जस्तो गठबन्धन गरेर पनि आफूलाई फाइदा दिलाउन पार्टीहरू लागिपरेका छन् । क्षणिक रूपमा भइरहने यस्ता गठबन्धनले पार्टीको लाइन के हो ? एजेन्डा के हो भन्ने विषय ओझेलमा परेको छ । स्वार्थका लागि गरिने गठबन्धनले तत्कालका लागि त आनन्दै होला तर त्यसले पार्ने प्रभावको बारेमा कसैले सोचेका छैनन् । जसरी भए पनि सत्तामै टाँसिइरहनुपर्छ भन्ने मानसिक भूतको अन्त्य नहुन्जेलसम्म राजनीतिक स्थिरताको नारा जति नै लगाए पनि त्यो सार्थक बन्नेवाला छैन । पार्टीको प्रष्ट विचार र दृष्टिकोण हुनुपर्ने हो तर आफू अनुकूल हुँदा जोसँग जस्तो पनि सम्बन्ध गाँस्ने र प्रतिकूल भएपछि उसैलाई सक्दो सराप्ने राजनीतिक संस्कार दूषित बन्दै गएको छ । गठबन्धनको नाममा पार्टी नेता तथा कार्यकर्ताले जसलाई पनि मतदान गर्नुपर्ने अवस्थाले पार्टीहरू क्रमशः कमजोर पनि बन्दै आएका छन् ।

पार्टीका नेताहरूले महाधिवेशनमा बनाउने गुटको असर सधैं नै रहिरहन्छ । महाधिवेशन र पार्टीको आन्तरिक निर्वाचनमा गुटगत लडाइँ हुनु स्वभाविकै हो भनेर नेताहरूले भन्दै आए पनि त्यो गुट चिरकालसम्म जीवन्त हुने भएकाले पार्टीमा आन्तरिक प्रतिस्पर्धा जीवितै रहने भएको छ । नेपाली कांग्रेस एउटा सिंगो रूख भए पनि त्यसका हाँगाबिँगा लुछिँदा जीवन्त भएको भन्दै रमाइरहेको छ । कांग्रेसभित्रको गुटको कल्पना त गर्नै सकिँदैन, गुटको सञ्जाल वडा र टोलतिर पनि फैलिइसकेको छ । पार्टीमा युवाको नाममा पनि खेती हुनेगरेको छ । धेरैले अब युवा नेता चाहिन्छ भन्ने गरेका छन् । यो नारा अहिले राम्रो बिकिरहेको छ । यही नाराले कतिपयले आफूलाई राजनीतिमा अब्बल रूपमा स्थापित गरिसकेका छन् तर युवा नागरिकताको आधारमा मात्र होइन उनीहरूमा त्यस प्रकारको युवा विचार र सोच हुनुपर्ने जरुरी छ । समग्रमा भन्दा राजनीति राम्रो व्यवसाय बनेको छ । राजनीतिमा लागेपछि सुखसयलमा रमाउन पाइन्छ भन्ने भएकाले मानिसहरू अहिले राजनीतिलाई नै केन्द्रमा राखेर काम गर्दै आएका छन् । किसानले खेतीपाती गर्दा मौसम राम्रो हुनुपर्ने, सिजनमा मात्रै बाली लगाउन र भित्र्याउन पाइने, कतिपय अवस्थामा लगाइएको बालीमा क्षति पुगेकाले घाटा लाग्ने भए पनि राजनीतिमा भने जुनसुकै बेला पनि मौसम सफा हुने, आकाशे खेती पनि भरपर्दो हुने भएकाले नै राजनीतिको लाइनमा लागेका यसैलाई व्यवसाय बनाउँदै आएका छन् ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :सोचको साथमा कार्य प्रारम्भ गर्नुहोला। अरुको विश्वासमा कार्य अधुरो नछोड्नुहोस्। | **तुला** : नयाँ जिम्मेवारी हात पर्न सक्छ। कार्यक्षेत्रमा बोलीले कार्य सिद्ध गर्न सक्नुहुनेछ। |
| **बृष** :प्रतिष्ठित कार्य प्रारम्भ गर्ने समय र हेको छ। साझेदारी व्यापारबाट लाभ मिल्ला। | **बृश्चिक** : व्यक्तिको सहयोग जुट्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। |
| **मिथुन** :नयाँ कार्य हात लाग्नेछ। प्रतियोगी परीक्षामा सफलता पाइनेछ। | **धनु** :जोखिम लिदा नोक्सानी हुन सक्ला। वैदेशिक रोजगारको नयाँ अवसर मिल्नेछ। |
| **कर्कट** : मन प्रसन्न रहनेछ। बच्चाहरूको साथमा मनोरञ्जनात्मक समय बित्नेछ। | **मकर** : अध्ययनमा ध्यान केन्द्रित गर्नुहोस्। नयाँ उपलब्धिहरू प्राप्त गर्न सकिएला। |
| **सिंह**: धन खर्चका योग छन्। लगनशीलताको कमी आउन नदिनुहोला। | **कुम्भ** :समय अनुकूल हुनाले कार्य गर्नमा सहज हुनेछ।आर्थिक पक्ष सबल रहनेछ। |
| **कन्या** :कार्यसम्पादन हुनाले मन प्रसन्न रहनेछ।समाजमा नयाँ जिम्मेवारी मिल्ला। | **मीन** : धार्मिक यात्राका योग छन्। शैक्षिक क्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त होला। |

# साहित्य दर्पण

निबन्ध — प्रमाण अधिकारी

# कुर्सीको महिमा

म अहिले कुर्सीमा बसेर कुर्सीकै बारे केही लेख्न खोज्दैछु । पहिले कुर्सी नहुँदा भुइँमै बसेर, घुँडा धसेर, पलेँटी कसेर वा वाल्मिकी टेबल प्रयोग गरेर पनि मानिसले लेखपढ गर्थे । अहिले पनि धेरैले गर्छन्ह तर शरीरलाई सुविधा हुने हिसाबले पनि कुर्सीमा बस्नु फाइदाजनक हुने व्याख्याका कारण यसको प्रयोग बढेको छ । कुर्सी अझ बढी प्रयोग हुने भनेको त कार्यालय, अड्डा, अदालतमा हो । मानिस कुर्सीमा बस्नेभन्दा पनि कुन हैसियत, ओहदा र तहको जिम्मेवारीले कुर्सीमा बसेको छ, त्यसले कुर्सीको महत्त्व पनि फरक फरक रूपमा कायम भएको मानिन्छ । एक दशक अघिको एउटा कुर्सीको प्रसङ्ग दिमागमा झट्ट याद आयो । कीर्तिपुरमा स्नातकोत्तर पढ्दाताका पुस्तकालयमा काम गर्ने एकजना कर्मचारीको निकै चर्चा भएको थियो । उक्त चर्चा उनी कुर्सीमा बसेर भन्दा पनि कुर्सीमा नबसिकन उठेरमात्र काम गर्ने हुँदा नेपालमा धेरै उभिने व्यक्तिमध्येका एक बनेका थिए । यतिखेर मैले उनको नाम सम्झन सकिन । उनलाई गुगल, च्याट जीपीटी र डीपसीकमा पनि खोजेँ तर कतै भेटिएनन् । उनलाई धेरैले उठीउठी काम गर्ने भनेर चिन्थे । कतिपयले अझै पनि सम्झिरहेका होलान् । कुर्सीको वास्ता नगरीकन सधैँ काममा खटेर ऐशआरामको चाहना नराख्नु एउटा कर्मचारीको प्रशंसनीय पक्ष हो । यो पक्ष साँचो अर्थमा सार्थक भए उनको अनुकरण अरू कर्मचारीहरूले पनि गर्न आवश्यक छह तर 'कुर्सीमा नबस्ने व्यक्ति' भनेर चिनिनका निमित्तमात्र कुर्सीत्याग गरिएको हो भने त्यस किसिमको कुर्सीत्याग देखावटी ढोँगमात्र ठहर्छ । उनीसँग अथवा उनीजस्तै उभिन रुचाउने मानिससँग काम पर्दा र व्यवहार गर्नुपर्दा कार्यालयमा पुगेका भुक्तभोगीहरूले यसको रहस्य बुझेका होलान्ह तर मैले त्यो रहस्य बुझ्ने सौभाग्य पाउन सकिन । यस्तै किसिमको अर्को प्रशंसनीय तर केही शङ्का भने लागिरहने विषय जनप्रतिनिधिले नलिने गरेको उनीहरूको मासिक तलब पनि हो । आर्थिक रूपमा सक्रिय रहने उमेर भएका बेला प्रशस्त धनोपार्जन गर्न सफल भएका, आधारभूत आवश्यकताका लागि दुईतीन पुस्तालाई पुग्ने अवस्था बनाउन सफल भएका कतिपय व्यक्तित्व हाम्रो समाजमा नामका लागि र फुर्सदिलो नहुनका लागि स्थानीयदेखि राष्ट्रिय राजनीतिमा लाग्ने, समाजसेवी हुने चलन त स्थापित भइसकेकै छ ।

स्थानीय विकास निर्माणका काममा चाहिने उपकरणको स्वामित्व भएका, छोरा अथवा ज्वाइँलाई ठेक्कापट्टामा लगाएका कतिपय वडाका अध्यक्ष, पालिकाका प्रमुखहरू, प्रदेश र सैका नेताहरूले उनीहरूले पाउने मासिक तलब नलिएको समाचार हामीसम्म विभिन्न माध्यमबाट आइपुग्छन् । तलबभन्दा कैयौँ गुणा बढी रकम, लाभ वा सुविधा अप्रत्यक्ष माध्यमबाट आउने वा आइरहने भएपछि यो बठ्याइँ नबुझ्नेका लागि 'तलब लिन्न' भनेर सार्वजनिक गरेका कुराले उनीहरूको व्यक्तित्वमा इमान्दारिताको लेपन कसो नलाग्ला र ? कुर्सीको महत्त्व बुझेका त्यसप्रकारका बाठा नेताले इमान्दार छविको निर्माण गर्दै जाने तर काम कम र कुरा बढी गर्ने गरेको जगजाहेर नै छ । तथापि गाउँपालिका वा नगरपालिका प्रमुख भएर पनि गाडीको सुविधा नलिएका बरु त्यस गाडीलाई एम्बुलेन्सका रूपमा गाउँलेकै सेवामा लगाएका एकाध उदाहरण पनि हाम्रा सामु छन् । त्यस्ता इमान्दार व्यक्ति पनि कुर्सीमा छन् तर कुर्सीमा बसेका अर्काथरी बाठा व्यक्तिका कारण इमान्दार जति छायाँमा पर्ने र भविष्यमा कुर्सीमा बस्न नपाउने अवस्था आएका पनि थुप्रै उदाहरण हामीलाई ज्ञात नै छ । जीवनका हरेक पक्षहरू कहीँ राम्रा भएर, कहीँ नराम्रा भएर, कहीँ सामान्य भएर र कहीँ जटिल भएर आफ्नो विशिष्टता कायम गर्ने हुन्छन् । गहिरिएर अध्ययन गर्नेहरूले कसैका पनि ती विशिष्टतालाई ठम्याउन सक्छ । भनेका र सुनेका भरमा कसैको वास्तविकता ठम्याउन सकिँदैन । कुर्सीत्यागका प्रसङ्गबाट ती विभिन्न महानुभावहरूको विशेषता सामान्य रूपमा जानकारी हुन्छ तापनि विशेष रूपमा गहिरिँदा त्यो कुरो तलमाथि पनि पर्नसक्छ । म यसै भनेर किटान गर्न सक्तिन । म अहिले पाँचखुट्टे पाङ्ग्रे-कुर्सीमा छु । यसको महत्त्व विशेष किसिमको छ । कार्यालयका हाकिमहरूले प्रयोग गर्ने, जताततै घुमेर बस्न मिल्ने कुर्सी भएकाले यसलाई घुम्ने कुर्सी पनि भनिन्छह तर म अहिले जुन स्थितिमा यो कुर्सीमा बसेको छु, यो सामान्य रूपमा रहेको छ । एउटा सुसाङख्यमा काम गर्दा बस्नका निमित्त तयार गरिएको यो कुर्सी घुम्ने किसिमको भएपनि यसलाई अहिले घुम्ने कुर्सी भन्न मिल्दैन । कुनै कर्मचारी, हाकिम आदि बस्ने परिवेशमा नरहेको हुनाले यसलाई सामान्य कुर्सी भन्नुपर्छ । स्थानविशेषले, कालविशेषले, व्यक्तिविशेषले वस्तुको मूल्य र मान्यता अलग-अलग हुन्छ । यही कुर्सी कुनै कार्यालयमा रहेको भए यो ओहदावालाको कुर्सी भनिन्थ्यो । यसतिर ताकेर हेर्ने आँट सितिमितिमा आउन सक्तैनथ्यो, तर यसलाई सुसाङख्य कक्षमा राखिएको हुँदा यसमा जो पनि बस्नसक्छ र सीप र सामर्थ्य हुने जसले पनि ताक्न सक्छ । सुसाङख्यलाई जीवनको अभिन्न अङ्ग मान्ने आजका सबै युवाहरूका निमित्त यो कुर्सी सुलभ छ । यसमा बस्न नसक्ने प्रश्न आउँदैन, बसिन्छ, त्यसैले यसको महत्त्व ठुलो छैनह तर यही कुर्सी कुनै कार्यालयमा हुन्थ्यो भने यसको ठुलो महत्त्व हुन्थ्यो । कुर्सी असामान्य हुन्थ्यो, विशिष्ट हुन्थ्यो । धेरैले त्यस कुर्सीबाट आशा राखेका हुन्थे । अपेक्षा राखेका हुन्थे । त्यस कुर्सीमा बसेका व्यक्तिका कारण कसैको जीवन चलेको हुन्थ्यो । कसैलाई सजिलो पारेको हुन्थ्यो । कसैलाई असजिलो । यही कुर्सी पाउन यहाँ मान्छे हारालुछ गर्छन् । आफ्नो पालोभन्दा पहिला पाउन हत्ते गर्छन् । कोही आफ्नो कुर्सीको बास टिकाउन अनेक जाल बुन्छन् । कुर्सीकै कारण यहाँ चाकडी, चाप्लुसीजस्ता भाटप्रवृत्ति मौलाएका छन् । बन्धुत्व, भ्रातृत्वको भाव धुमिल हुँदै गइरहेछ । आवधिक निर्वाचनका समयमा सुनिने नेताको महत्त्वाकाङ्क्षी भाषण, बाँडिने पार्टीको घोषणापत्र यही कुर्सीमा पुगेपछि कता हराउँछ कता । जनताको सेवा, राष्ट्रको सेवाका लागि भनेर कुर्सीमा पुगेको मानिस कुर्सी पाएपछि स्वयंको सेवामा निर्लिप्त भएर लाग्छ, स्वयंसेवा र पहिले जनाएका प्रतिबद्धता बिर्सन्छ । यसैले कुर्सीको महत्त्व सङ्कीर्णतामा व्यापकता र व्यापकतामा सङ्कीर्णताको प्रतीक बनेर देखापर्छ । मानिसले कुर्सी पाएपछि त्यससँगै प्राप्त गर्ने अधिकारले त्यसको महत्त्व बढाएको हामीले बुझेकै छौँ । कुर्सी एउटा प्रतीक हो, कुनै पनि व्यक्तिलाई प्राप्त अख्तियारको । हामीले यसो गमेर विचार गर्ने हो भने, हाम्रा देशमा औँलामा गन्न सकिने राजनीतिक दल सधैँ आलोपालो सत्ताको कुर्सीमा विराजमान हुन्छन् । मानौँ कि त्यो कुर्सीमा बस्न पाइएन भने ठुलै हलचल हुनेछ उनीहरूको जीवनमा । सर्वसाधारण जनताको जीवनमा हलचल आएर व्यापक जनमुखी परिवर्तन देख्ने हाम्रो धोको त पूरा हुन पाएको छैन । राजनीतिक दल र सत्तामा हुँदा तिनीहरूले गर्ने राजनीतिक नियुक्ति पनि बडो गजबको छ । घरिघरि त लाग्छ यो कस्तो माखेसाङ्लो हो जहिले पनि जसरी पनि दोहोर्याइ तेहराइ तिनै मान्छे महत्त्वपूर्ण मानिएका निकायहरूका कुर्सीमा पदस्थापन गरिन्छन् । यो कुर्सीको साइनो सत्ता र शक्तिका लागि अति महत्त्वको विषय रहेछ । माथि सिरानमा उल्लेख गरेका व्यक्ति पनि कुनै कार्यालयमा जागिरे थिए, तसर्थ उनीसँग पनि निश्चित अधिकार हुने नै भयो । कुर्सीमा बसेपछि त्यसको सान्निध्यले अधिकारको दुरुपयोग हुनसक्छ भन्ने डर उनमा रहेछ भन्ने उनका अन्तर्वार्तामा आउने सधैँका भनाइबाट बुझिन्थ्यो । कुर्सीमा बसे पनि नबसे पनि सम्बन्धित व्यक्तिले आफ्नो निश्चित कार्यसम्पादन त गर्छ नै । यदि आफ्नो अधिकारको दुरुपयोग गरिन्छ भने त्यो बेला कुर्सीमा बसेकै हुनुपर्छ भन्ने पनि छैन । कुर्सीमा बसेर गर्नुपर्ने काममात्र पनि सबैले गर्थे भने यी गुनासाका पोका खोलिरहन जरुरत पनि पर्दैनथ्यो । कार्यालयका कुर्सीमा मात्र नभएर होटलका कुर्सीमा, रेष्टुरेन्टका कुर्सीमा, चिया पसलका कुर्सीमा र यदाकदा बाटाघाटाका छेउछाउमै अतिरिक्त लाभका रकम बुझ्दै गरेका अवस्थामा कतिपय राष्ट्रसेवक कर्मचारी रङ्गेहात पक्डाउ खाएका घटना समाचारका रूपमा आइरहेकै हुन्छन् । कार्यालयमा तल्ला तहका कर्मचारीहरूले लिएको अतिरिक्त रकम वा लाभको अंश भ्रष्टाचारको विरोध गरेजस्तो गर्ने माथिल्ला तहका हाकिमलाई पनि पुग्छ भन्ने एउटा भनाइ छ । त्यसैले पनि देख्दा जुन कुरा गरिएको हुन्छ, वास्तविकतामा त्यसको उल्टो काम भएको पनि हुनसक्छ । चोरलाई चौतारो र साधुलाई शूली भएको मानव-समाज चिन्न नसकिने क्षेत्र भएको छ । जोगी, ब्रह्मचारीहरू बढी भ्रष्ट र बढी चरित्रहीन देखिन्छन्, त्यसैले देखेको भेष, बोलेको वाणीमात्रै मानिसका आचार विचारलाई छुट्याउने आधार हुन सक्तैनन् । कुर्सीमा बस्नेहरूको कुरो पनि त्यस्तै हो । कुर्सीमा बस्ने इमान्दार, नैतिक र देशभक्त हुनसक्छ अनि कुर्सीमा नबस्ने बेइमान, अनैतिक र भ्रष्ट पनि हुनसक्छ । यो अभिधेय अर्थको कुरो होस तर व्यङ्ग्यार्थमा यस्तो किसिमको मानिस पाउन सकिँदैन ।

अठार घण्टा उभिएर काम गर्ने व्यक्तिका रूपमा परिचित माथि उल्लेख गरिएका ती महानुभावले त्यस्तो विशेष लाभ लिन खोजेको बुझिँदैन, त्यसैले उनले सधैँ उभिएर काम गर्नु उपयुक्त थिएन । क्षणिक चर्चाका लागि शारीरिक कष्ट उठाउँदा त्यो कष्ट पछि रोगको कारण हुनसक्छ । चिकित्सकहरूका अनुसार धेरै समय उभिने वा उभिएर काम गर्ने व्यक्तिलाई 'भेरिकोज भेन' भन्ने रोग लाग्दो रहेछ । यसले नसाहरू सुन्निने समस्या हुँदो रहेछ । भौतिक रूपमा कुर्सीका सन्दर्भलाई यसरी एउटा बस्ने साधन मानिएपनि यो मानव अस्तित्वका रूपमा ऐश्वर्य र सम्पत्तिको प्रतीक बनेको छ । यस किसिमको कुर्सी छोड्न मान्छेलाई सजिलो छैन । संस्कृतमा एउटा प्रभावशाली उक्ति छ: धिकार, गर्भ, ऋृण र स्वानमैथुन प्राप्त गर्दाखेरि सारै आनन्द हुन्छ तर त्यो फिर्ता गर्दाखेरि प्राणसङ्कट पर्छ भन्ने यस भनाइले कुर्सी छोड्ने कुरा सजिलो छैन भन्ने जनाउँछ । यही असजिलाले गर्दा हाम्रा समाजमा देखापरेका नेता, बुद्धिजीवी, विद्वान्, कर्मचारी आदि किसिमका व्यक्तिहरू कुर्सी छोड्न नसकेर आफ्नो बदनामी भएको कुरा पत्ता पाउँदैनन् ।

*-समकालिन साहित्य डटकम*

## ICT प्रयोगशाला व्यवस्थापनका लागि उपकरण खरीद सम्बन्धी कोटेशन आह्वान गरिएको सूचना

**सूचना प्रकासित मिति : २०८१/११/०९**

यस श्री भुसलडाँडा माध्यमिक विद्यालय, तानसेन -१ पाल्पाका लागि आ.व.२०८१/०८२ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT प्रयोगशाला व्यवस्थापन गर्न रु ६,५०,००० (अक्षरुपी ६ लाख पचास हजार) बराबरको योजना प्राप्त भए बमोजिम ICT प्रयोगशालाका लागि गुणस्तरीय सामग्री आवश्यक भएकोले यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०८/०२ को निर्णयानुसार यस पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र २०८१/११/२२ गते विद्यालय समयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मापदण्ड बमोजिम विद्यालयले सूचिकृत गरेको ICT प्रयोगशालाको गुणस्तरीय सामग्रीको न्यूनतम विक्री मुल्य सहित सम्बन्धित व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले गोप्य कोटेशनलाई खामबन्दी गरी विद्यालयमा उपलब्ध गराउनुहोला ।

रित नपुगेको, म्याद नाघेको र गुणस्तरयुक्त नरहेको सामग्री सहितको कोटेशन उपर कुनै पनि कार्य अगाडि बढाइने छ ।

| | | |
|---|---|---|
| 1. | Development/ Deployment of Integrated Digital Library Management System with MIS Software. LMS for School. (Minimum no additional rate and cost for five educational year.) | 1 |
| 2. | Educational AVR System. | 1 |
| 3. | Stand for AVR Board. | 1 |
| 4. | All in one PC Computer | 1 |
| 5. | Multifunction Printer. | 1 |
| 6. | Branded Desktop Computer | 1 |
| 7. | Invertor (Electrical Power Backup) 2 battery and 1 UPS | 1 Set |
| 8. | Projector for class room | 1 |
| 9. | Instalation and Training | 1 |

**तपसिल**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त स्थायी लेखा नं. ।
२. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. व्यवसाय दर्ता सञ्चालन इजाजतपत्रको प्रतिलिपि ।
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

**प्रधानाध्यापक**

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**

**तानसेन-१, भुसलडाँडा पाल्पा, नेपाल**

**सम्पर्क नं. ०७५५२२७८४, ९८४७०२८५४८, ९८५७०६०९८५, ९८५७०४७२९८**

## ICT ल्याब व्यवस्थापनका लागि उपकरण खरीद सम्बन्धी कोटेशन आह्वानको सूचना

**सूचना प्रकासित मिति २०८१/११/०९**

उल्लेखित विषयमा यस महेन्द्र बोधि माध्यमिक विद्यालय, तानसेन-२, पाल्पाका लागि आ.व. २०८१/८२ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT ल्याब निर्माण तथा व्यवस्थापन गर्न रु ६,५०,०००/- को योजना प्रप्त भए बमोजिम तपसिल अनुसारका ICT सामग्रीहरू यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/११/०१ को निर्णय अनुसार कोटेशन प्रक्रियाद्वारा खरीद गरिने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र इच्छुक फर्म वा संस्था वा कम्पनीबाट आफ्नो व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिसहित शिक्षा तथा मानवस्रोत विकास केन्द्रको मापदण्ड अनुसारका विद्यालयले सूचीकृत गरेका ICT ल्याबका गुणस्तरीय सामग्रीहरूको न्यूनतम बिक्री मूल्यसहितको गोप्य सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

**पुनश्च : रीत नपुगेको, म्याद नाघी आएको र गुणस्तरहीन सामग्रीसहितको कोटेशन उपर कुनै कार्य अगाडि बढाइने छैन ।**

तपसिल:

| S.N. | Items | Quantity | Remarks |
|---|---|---|---|
| 1. | School Management System (LMS Software) | 1 | |
| 2. | Smart Board 75" display (AVR System, Anroid 14.0 / 128GBROM / 8 GB RAM with 17 Processor based OPS System. 11 th generation 8 GB and 256 GB SSD | 1 | |
| 3. | Stand for 75 " Interactive Flat Pannel Heavy Original | 1 | |
| 4. | All in one PC (Desktop Computer), Intel 15 Processor, 13 Generation, 16 GB RAM, 512 GB SSD, 23.5" display, Keyboard and Mouse set. | 1 | |
| 5. | Cannon Duplex Multifunction Printer (DW) | 1 | |
| 6. | Dell 15, 12 th Generational Computer Set, 8 GB RAM, 256 GB SSD, 18.5" Display Monitor Set with Keyboard and Mouse Set | 1 | |
| 7. | Invertor Set with 2 set 150 MAH Battery, 1650 VA Sineware UPS Set. | 1Set | |
| 8. | Acer Projector for classroom | 1 | |
| 9. | Installation and training charge for AVR and UPS Set | All | |

**प्रधानाध्यापक**

**श्री महेन्द्र बोधि माध्यमिक विद्यालय**

**तानसेन-२, पाल्पा, नेपाल**

**फोन नं.: ०७५-५२०१४९,९८४७१००६१४**

## ICT प्रयोगशाला व्यवस्थापनका लागि उपकरण खरिद सम्बन्धी कोटेशन आह्वान गरिएको सूचना

**सूचना प्रकासित मिति : २०८१/११/०९**

यस श्री शारदा माध्यमिक विद्यालय, तानसेन-८, मदनपोखरा, पाल्पाका लागि आ.व. २०८१/०८२ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT प्रयोगशाला व्यवस्थापन गर्न रु ६,५०,००० (अक्षरुपी छ लाख पचास हजार) बराबरको योजना प्राप्त भए बमोजिम ICT प्रयोगशालाका लागि गुणस्तरीय सामग्री आवश्यक भएकोले यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०९/०९ को निर्णयानुसार यस पत्रिकामा प्रकाशित मितिले १५ दिनभित्र विद्यालय समय भित्र विद्यालयले सूचिकृत गरेको ICT प्रयोगशालाको गुणस्तरीय सामग्रीको न्यूनतम विक्री मुल्य सहित सम्बन्धित व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले (शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मापदण्ड अनुसारको) गोप्य कोटेशनलाई खामबन्दी गरी विद्यालयमा उपलब्ध गराउनुहोला ।

**तपसिल:**

१. LMS software)-1 set
२. Establishment of Educational AVR system - 1 set.
३. Provision of all in one computer - 2 set
४. Provision of multifunction printer - 1 set
५. Trolley stand with locking - 1 set
६. Laptop - 1 set
७. Networking and electrical wiring - 1 set
८. 2MP IP Camera - 8 sets

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त स्थायी लेखा नं. ।
२. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. व्यवसाय दर्ता सञ्चालन इजाजतपत्रको प्रतिलिपि ।
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

**प्रधानाध्यापक**

**शारदा माध्यमिक विद्यालय**

**तानसेन-८, मदनपोखरा, पाल्पा**

**सम्पर्क नं. ०७५४१२०७४, ९८५७०६०५६५, ९८४७०४३१३२, ९८४१८९९०६६**

# लुम्बिनी प्रदेशको वित्तिय प्रगतिमा स्वास्थ्य मन्त्रालय पहिलो




**पाल्पा,** फागुन ९/लुम्बिनी प्रदेश सरकारको वित्तिय प्रगतिमा स्वास्थ्य मन्त्रालय पहिलो भएको छ । प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले आयोजना गरेको अर्धवार्षिक समीक्षामा चालु आर्थिक वर्षको फागुन ३ गतेसम्मको तथ्याङ्कअनुसार स्वास्थ्य मन्त्रालयले सबैभन्दा धेरै वित्तिय खर्च गरेर पहिलो बनेको हो ।

अर्धवार्षिक समीक्षामा प्रस्तुत गरेको प्रतिवेदनमा प्रदेशका १६ वटा कार्यालय मध्ये स्वास्थ्य मन्त्रालय प्रथम भएको पाइएको छ । स्वास्थ्य मन्त्रालयले ५१ दमलव ११ प्रतिशत बजेट खर्च गरेको छ । जसमा ३६ दशमलव ०९ प्रतिशत चालु र ६९ दशमलव ६७ प्रतिशत पुँजिगत खर्च रहेको छ । स्वास्थ्यमन्त्री खेम बहादुर सारुले मन्त्रालयले योजनामा विनियोजन गरेका बजेटको कार्यान्वयनका लागि मन्त्रालयले तदारुकताका साथ काम गरिरहेको बताए । मन्त्री सारुले निर्धारित योजना कार्यान्वयन गरि नागरिकले महशुस गर्ने गरि नतिजामुखी कामलाई मन्त्रालयले प्राथमिकता दिएको उल्लेख गरे । त्यस्तै प्रदेश लोक सेवा आयोगले ४७ दशमलव १३, प्रदेश सभाले ४० दशमलव ८७, स्थानीय तह निकासामा ३४ दशमलव ३८, आर्थिक मामिला तथा योजना मन्त्रालयले ३२ दशमलव ९३, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले २४ दशमलव १०, सशरी विकास तथा खानेपानी मन्त्रालयले २४ दशमलव ०० र वन तथा वातावरण मन्त्रालयले २२ दशमलव ८४ प्रतिशत खर्च गरेको छ त्यस्तै प्रदेश योजना आयोगले २० दशमलव ६१, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले १९ दशमलव ९६, भौतिक पुर्वाधार विकास मन्त्रालयले १९ दशमलव ५८, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १४ दशमलव ६४, सामाजिक विकास मन्त्रालयले १४ दशमलव ३६, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले १२ दशमलव ५१, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ६ दशमलव १३ र महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयले १ दशमलव ०४ प्रतिशत खर्च गरेको छ ।

# जेहन्दार विपन्न दलित बालबालिकालाई शैक्षिक सामग्री

**भरत शर्मा**



**पाल्पा,** फागुन ९ /जिल्लाको तानसेन नगरपालिका भित्रको सिल्खान -२ टोल विकास संस्थाले जेहन्दार विपन्न दलित बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ । संस्थाले तानसेन नगरपालिका -४ वडा कार्यालयको आर्थिक सहयोगमा एक औपचारिक कार्यक्रमकाबिच बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरेको हो ।

जेहन्दार बालबालिकाहरुको शैक्षिकस्तर वृद्धि गर्नुको साथै अध्ययनमा प्रोत्साहन स्वरुप सामग्री वितरण गरिएको टोलविकास संस्थाले जनाएको छ । मोहन कन्या मावि र बालमन्दिर प्राविका ५७ जना दलित विपन्न छात्रछात्राहरुलाई स्विटर, जुत्ता, झोलासहित शैक्षिक सामग्री वितरण गरिएको संस्था की पूर्व अध्यक्ष एवं जनप्रतिनिधी सीता बस्नेतले बताइन् । कार्यक्रममा तानसेन नगरपालिका प्रमुख सन्तोषलाल श्रेष्ठले शैक्षिक सामग्री सहयोगले विपन्न बालबालिकाहरुका लागि थोरै भए पनि राहत मिल्ने विश्वास व्यक्त गरे । उनले टोल विकास संस्थाको सक्रियताले नगरको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको समेत बताए । नगर प्रमुख श्रेष्ठले सिमित स्रोत र साधनका बावजुत पनि नगर पालिकाले १४ वटै वडामा नागरिकका आधारभूत आवश्यकता पुरा गर्ने काम गर्दै आएको उल्लेख गरे । तानसेन -४ का वडा अध्यक्ष हेमन्तराज शाक्यले बालबालिकालाई शैक्षिक सामग्री वितरण कार्यक्रम उपलब्धि मुलक भएको बताउँदै रचनात्मक कामका लागि टोल विकास संस्थासँग हातेमालो गर्न वडा तयार रहेको बताए ।

संस्थाकी कार्यवाहक अध्यक्ष भुनु कुमारी बरालले टोलको विकासमा काम गर्न संस्था तत्पर रहेको बताईन् । टोल विकास संस्थाकी संयोजक गीता नेपालको अध्यक्षता, सचिव अरुणा भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# के वान युथ लिगमा एरिकाले जितिन् रजत



**काठमाडौं,** फागुन ९/नेपाली कर ाते स्टार खेलाडी खेली एरिका गुरुङले बिहीबार युएईमा के वान युथ लिग कराते प्रतियोगिता रजत पदक जितेकी छिन् । दुबईमा भएको लिगमा एरिकाले ६८ केजी माथिको तौल समूहमा उपविजेता हुँदै रजत जितेकी हुन् । १९औं एसियन गेम्स र एसियन च्याम्पियनसिपकी समेत रजत विजेता रहेकी एरिका फाइनलमा इरानी खेलाडीसँग ९-१ ले पराजित भएकी थिइन् । त्यसअघि एरिकाले पहिलो खेलमा भारतीय खेलाडीलाई ८-० ले, क्वाटरफाइनलमा काजाकास्तानी खेलाडीलाई ४-१ र सेमिफाइनलमा टर्कीएकी खेलाडीलाई ५-२ ले पराजित गर्दै फाइनल प्रवेश गरेकी थिइन् । एरिमा एसियन गेम्स र एसिपयन च्याम्पियनसिप करातेमा रजत पदक जित्ने एक्लो नेपाली खेलाडी हुन् के वान युथ लिगमा ८७ राष्ट्रका २ हजार ३ सय ८२ खेलाडीको सहभागिता र हको छ । एरिकाले प्रतिस्पर्धा गर को इभेन्टमा १४ राष्ट्रका १८ खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# पुँजीगत खर्च बढाउन निर्देशन




**काठमाडौ,**फागुन ९/राष्ट्रियसभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिले पुँजीगत खर्च बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको छ । समितिको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एवं मातहतका निकाय/आयोजनाको पुँजीगत बजेटको कार्यप्रगति ( अर्धवार्षिक) बारे छलफल गर्न आज बसेको बैठकले मन्त्रालयलको पूँजीगत खर्च कम भएको भन्दै खर्च बढाउन निर्देशन दिइएको हो ।

समितिकी सभापति कमलादेवी पन्तले कानुन संशोधन गरेर भए द्रुत गतिमा काम गर्न र पूँजीगत खर्च बढाउन आवश्यक पहलअघि बढाउनका लागि मन्त्रीलाई निर्देशन दिइन । 'पूँजीगत खर्च बढाउनका साथै बेरूजु नआउने र परिणाम देखिनेगरी काम गर्नुस', उनले भनिन्, 'बरू कानुनी बाधा छन् भने फुकाउपर्छ । समन्वयन बढाएर नतिजा देखिनेगरी काम गर्नुस् ।'समितिको बैठकमा उपस्थित भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले भने अन्तरसरकारी निकायबीचको समन्वयनको अभाव, कानुनी झन्झटिलो ठेकेदारको लापारबाही, वनका झँझटिलो कानुनी प्रावधानलगायत कारण समयमा नै पूर्वाधार निर्माणको काम सम्पन्न गर्न चुनौती भएको बताए । सात दिनअघि मात्रै मन्त्रालयले चालु आर्थिक वर्ष (साउनदेखि माघ मसान्तसम्म) सात महिनाको अवधिमा भएको कुल खर्चको आँकडा सार्वजनिक गरेको थियो । मन्त्रालयका अनुसार कूल खर्च २८ दशमलव १५ प्रतिशत मात्रै रहेको छ । चालु आव सकिन पाँच महिना मात्रै अवधि हुँदा अझै यस मन्त्रालयले ७० प्रतिशतभन्दा बढी खर्च गर्न बाँकी रहेको छ । चालु आवको अवधिमा मन्त्रालयको लागि चालुतर्फ रू सात अर्ब ४८ करोड ६३ लाख र पुँजीगत तर्फ रू एक खर्ब ४३ अर्ब पाँच करोड गरी कूल रू एक खर्ब ५० अर्व ५३ करोड बजेट विनियोजन रहेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गर्ने क्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रीबीच पहिलो एक सय दिन (असोज ६ सम्म) सम्पन्न गर्ने १० वटा र दोस्रो एक सय दिन (माघ १७ गतेसम्म) मा सम्पन्न गर्ने १२ वटा मुख्य कार्यक्रम र तिनको लक्ष्यसहित कार्यसम्पादन सम्झौता गरेका थिए । यातायात पूर्वाधारको विकास र यातायात प्रणालीको नीतिगत व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले आफू र मातहतका सडक विभाग, रेल विभाग, यातायात व्यवस्था विभाग र नेपाल पानीजहाज कार्यालयमार्फत सम्पादन भएका मुख्य कार्य, हासिल भएका उपलब्धि सार्वजनिक भएको थियो । *-रासस*

# देशमा केही पनि भएन...

... कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी, तानसेन नगरपालिका-३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, विद्यालयका पूर्व प्रअहरु बुद्धिप्रसाद शर्मा, मेघराज पौड्याल, विद्यालयका पूर्व विद्यार्थी समाजका सचिव सन्तोषल खनाल लगायतले अभियानको सफलताको शुभकामना व्यक्त गरे । लुम्बिनी प्रदेश सरकारले प्रदेशभित्रका सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न 'मेरो विद्यालय, मेरो दायित्व' अभियान शुक्रबारदेखि १२ वटै जिल्लाका १५ वटा विद्यालयमा एकै साथ सुरु गरेको छ । मुख्यमन्त्री, मन्त्री, दुई पूर्वमुख्यमन्त्री, प्रदेश प्रमुख सचिव र प्रदेशसभाका जनप्रतिनिधि आफूले अध्ययन थालेको विद्यालयमा शुक्रबार पुगेका थिए । मुख्यमन्त्रीसहित सबै मन्त्री र पूर्वविशिष्टलाई पूर्वविद्यार्थीको हैसियतमा अभियानमा जोडेर सामुदायिक विद्यालयको गुणस्तर सुधारको प्रयास सुरु गरिएको सामाजिक विकास मन्त्रालयका प्रतिनिधि सुरेन्द्र पौड्यालले बताए । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारले ग्रामीण क्षेत्रको बसाइँसराइ रोक्ने, चर्को शुल्कमा निजीमा पढाउने प्रतिस्पर्धा न्यूनीकरण गर्ने भएकाले पूर्वविद्यार्थी, जनप्रतिनिधिदेखि अभिभावकसम्मलाई आफ्नो दायित्व अनुभूति गराउन अभियान ल्याइएको उनको भनाई छ । लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सामाजिक विकास डिभिजन कार्यालय पाल्पाको आयोजना र जनता नमुना विद्यालयको सह-आयोजनामा भएको कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामजी पोखरेलको अध्यक्षता, विद्यालयका प्रअ हरीप्रसाद घिमिरेको स्वागत, शिक्षक रामप्रसाद ढकालको सञ्चालनमा भएको थियो ।

# तानसेन महिलामैत्री सहर...

...कार्यक्रममा शहरी विकास मन्त्रालयका वरिष्ठ समाजशास्त्री कमल अधिकारीले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०८० नीतिगत रुपमा गरेका व्यवस्थाको बारेमा जानकारी गराएका थिए । स्थानीय, प्रदेश सरकारबाट योजना संकलन, छनौट देखी, बजेट निर्माण तथा कार्यान्वय सम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०८० लागु गर्नुपर्नेमा बरिष्ठ समाजशास्त्री अधिकारीले जोड दिए । युनओपिएसले तानसेन नगरपालिकामा खुला सार्वजनिक स्थानहरूको पहिचान, प्राथमिकता निर्धारण र नक्सांकन गरेर तिनीहरूको सुधार र व्यवस्थापनमा काम शुरु गरेको छ । जस अर्न्तगत वडा नं १ को धुर्वघाट पार्क, वडा नं. २ को नारायणस्थान फूलबारी, वडा नं ४ को मखनटोल, वडा नं. ६ को टुँडिखेल, वडा नं ७ को कमलपोखरी र वडा नं १४ को कुडानीलाई पहिचान गरेको छ । वडा नं ४ मा महिला साप्ताहिक मेला सञ्चालन कार्यक्रम शुरु भएको छ । कार्यक्रममा तानसेन नगरपालिकाबाट हुने हरेक गतिविधिमा समावेशीकरणको अवधारणा, मूल्य, मान्यता सिद्धान्त अनुसार व्यवहारमा लागु भएको छ कि छैन्, कार्यान्वयन गर्न देखिएका चुनौतीका विषयमा समुह विभाजन गरी छलफल गरिएको थियो । युनओपिएसले तानसेन नगरपालिकामा लैङ्गिक समानता, अपाङ्गता र समावेशीकरण नीति निर्माणमा सहयोग पुऱ्याउने सो विषयमा जनचेतना फैलाउदै र कार्यान्वयनमा जोड दिने जनाएको छ । छलफल अन्तर्क्रिया कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, प्राविधिक देखी, कार्यक्रम छनौट भएका वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, उपभोक्ता, विषय विशेषज्ञ, युनओपिएसका प्रतिनिधीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन नगरपालिकाका बरिष्ठ कार्यक्रम अधिकृत भरत आचार्यले गरेका थिए ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई